जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९
जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ००५ | २०८२ साल भदौ ०२ गते सोमवार | Monday-18-August-2025 | पृष्ठ संख्या-८ | मूल्य रू.५/-

## सशस्त्र प्रहरी र नेपाल प्रहरीको मासिक नजरानाले पर्साको अलौ नाका तस्करीको ट्रान्जिट प्वाइन्ट बन्दै

***शु.आ. सम्बाददाता***
***कलैया , ०१ भाद्र***

सिमा सुरक्षाको जिम्मेवारी पाएका सशस्त्र प्रहरी र शान्ति सुरक्षाको जिम्मेवारी पाएका नेपाल प्रहरी नै मासिक नजरानामा लिप्त भएपछि पर्साको अलौ नाका तस्करीको ट्रान्जिट प्वाइन्ट बन्दै गएको छ ।

प्रस्तावित गुल्म अलौ र प्रहरी चौकी सिर्सियाले तस्करहरुसँग मासिक नजराना बुझेपछि रातिको त कुरै छोडौ दिउँसो पनि तस्करीको समानहरु नदेख्ने गरेका छन् । जसको फलस्वरूप उक्त नाकाबाट दिनहु सयौ तस्करीमा सँगल्न भएका ब्यक्तिहरू तस्करी गर्न सकृय रहेका छन ।



अलौ नाकाबाट दिनहुँ कपडा, हार्डवेयर, भैसी, मोबाइल पार्टस, मरिच लगायत खाद्यान्न समाग्रीको तस्करी हुने गरेको जोकोहिले पनि सजिलै देख्न सक्छन् । तर मासिक रूपमै नजराना बुझ्ने सशस्त्र प्रहरी र नेपाल प्रहरीले दिन दहाडै तस्करी भएको कार्य आँखाले देख्न पनि छोडेको एक प्रत्यक्षदर्शीले यस दैनिकलाई बताएका छन् ।

उनका अनुसार प्रस्तावित गुल्म अलौ र प्रहरी चौकि सिर्सियामा नयाँ कमाण्डर आएपछि तस्करीको लाइन' नमिल्दासम्म कडाई साथ तस्करी नियन्त्रण गर्छन् । तर जब लाइन मिल्छ, त्यसपछि उनिहरु लगायत सरोकारवाला 'तैं चुप, मैं चुप' हुन्छन् । जसको फलस्वरूप हाल अलौ नाका तस्करहरुको ट्रान्जिट प्वाइन्ट बनेको छ ।

यति सम्म होईन मासिक नजराना बुझेपछि रातिको तस्करी कार्यलाई सशस्त्र प्रहरी र नेपाल प्रहरी स्कर्टिङ समेत गर्न पछि नहट्ने समेत अलौका एक स्थानीयले गुनासो गरेका छन् । उक्त नाकाबाट दिनमा मोटरसाइकलको माध्यमले तस्करी हुनेमा रातिको समयमा तस्करहरूको लस्करै लाग्ने गरेको बताएका छन् । ठुला बडा देखि साना कारोबारीसम्म ७० जना भन्दा बढी भएपनी ठुला बडा तस्करहरू मात्र एक दर्जनको हराहरीमा रहेको उनले दाबी गरेका छन् । अलौ नाकाबाट अनिल, बैझनाथ, मनोज लगायत दर्जनौ ठुला तस्करहरू तस्करी गर्न सकृय रहेको उनले दाबी रहेको छ ।

## कोल्हवी नगरपालिकाले अनियमितता गर्न शिर्षक फरक पारी खर्च

***शु.आ. सम्बाददाता***
***कलैया , ०१ भाद्र***




कोल्हवी नगरपालिकाको जनप्रतिनिधि तथा कर्मचारीहरु अनियमितता गर्न शिर्षक फरक पारी समेत खर्च गरेको रहस्य बाहिर आएको छ ।

नगरपालिकाले आर्थिक बर्ष २०८०/०८१ को नगरसभाबाट मसलन्द तथा कार्यालय सामाग्री खर्च , सुचना प्रणाली तथा सफ्टवेयर सँचालन खर्च , मेसिनरी औजार मर्मत खर्च शिर्षकमा बजेट स्वीकृत गरेको थियो । तर लेखा प्रमुख सुरेन्द्र चौधरी, प्रमुख प्रशासकीय अधिकृत र नगरप्रमुख रामप्रसाद चौधरी फरक शिर्षकमा खर्च गरी अनियमितता गरेको महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको लेखा प्रतिवेदनमा नै प्रष्ट उल्लेख गरेको छ ।

लेखा प्रमुख चौधरीले नगरप्रमुख चौधरी र प्रमुख प्रशासकीय अधिकृतसँग मिली मसलन्द तथा कार्यालय सामाग्री शिर्षकको बजेटबाट सेवा परामर्श, मेसिनरी औजार मर्मत, सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च, सुचना प्रकाशन, सञ्चार महसुल शिर्षकमा खर्च गरेका छन् । भने सुचना प्रणाली तथा सफ्टवेयर सँचालन खर्च शिर्षकको बजेट पत्रपत्रिका तथा सुचना प्रकाशन खर्च शिर्षकमा खर्च गरेका छन् । साथै मेसिनरी औजार मर्मत शिर्षकको रकम सञ्चार महसुल शिर्षकमा खर्च गरेकोले लेखापरीक्षण प्रतिवेदनमा नै अनियमितता भएको उल्लेख गरेको छ ।

साथै प्रतिवेदनमा नै शिर्षक फरक पारी खर्च शिर्षक दिई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (क) मा विभिन्न शिर्षक तथा कार्यमा स्वीकृत भएको रकम सो शिर्षक तथा कार्यको लागि मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले नगर सभाबाट स्वीकृत भएको बजेट शीर्षक भित्र रही तोकिएको कार्यक्रममा खर्च गर्नु पर्दछ । सभाबाट स्वीकृत भएका बजेट शीर्षकमा खर्च नगरी अन्य शीर्षकमा खर्च गरेको छ । यसरी तोकिएको शीर्षकमा खर्च नगरी फरक प्रयोजनमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्दै उल्लेखित खर्च रु पाँच लाख १५ हजार ६०६ अनियमितता भएको देखिएको उल्लेख गरीएको छ ।

## जनप्रतिनिधिमा सदाचार, शिक्षा र समावेशी सोच अपरिहार्य - उमेश दुबे

***राजकुमार यादव***
***बारा , ०१ भाद्र***

जनमत पार्टीका केन्द्रिय सदस्य तथा पूर्व वरिष्ठ पत्रकार उमेश दुबेले मेयर तथा गाउँपालिका अध्यक्षजस्ता स्थानीय तहका प्रमुख जनप्रतिनिधिमा विशेष गुण र आवश्यक जनकारी हुनु अनिवार्य रहेको बताएका छन् ।



सञ्चार क्षेत्रबाट राजनीतिमा प्रवेश गरेका दुबेले पत्रकार संगको भेटघाटमा विभिन्न मुदा माथी छलफल गरेका छन् । स्थानीय सरकार प्रभावकारी बनाउन सक्षम नेतृत्व अपरिहार्य रहेको पत्रकार राजकुमार यादवलाई जनकारी दिनुभयो । उनका अनुसार, "स्थानीय तहमा जनप्रतिनिधि मात्र हैन, दूरदृष्टि सम्पन्न योजनाकार चाहिन्छ, जसले सदाचार र पारदर्शितासहित जनताको विश्वास जित्न सकोस् ।"

दुबेले मेयर तथा गाउँ अध्यक्षका लागि आवश्यक ठानिएका प्रमुख गुणहरूमा सदाचार, शिक्षा, नीति नियमको जनकारी, योजना बनाउन सक्ने क्षमता, जनतासँग संवाद गर्ने शैली तथा समावेशी सोचलाई प्राथमिकतामा पर्नुपर्ने बताए । उनले विकास योजनामा दीर्घकालीन परिणाम दिने काममा जोड दिँदै "सस्तो लोकप्रियतामा होइन, आधारभूत आवश्यकता सम्बोधनमा ध्यान दिनु पर्ने" धारणा राखे ।

पत्रकारिताबाट लामो अनुभव बटुलेका दुबेले जनताको समस्या प्रत्यक्ष देख्ने र सुन्ने अवसरले आफूलाई राजनीतिमा प्रवेश गर्न प्रेरित गरेको बताएका छन् । उनले स्थानीय सरकारकै माध्यमबाट गाउँ-नगर विकास, शिक्षा, स्वास्थ्य र आधारभूत सेवामा सुधार सम्भव हुने विश्वास व्यक्त समेत गरेका छन् ।

## जग्गाको लागि ससुराली पक्षले मेरो छोरी रोमा साहलाई हत्या गरेर फालेको माइती पक्षको आरोप

***रुपेश यादव***
***रौतहट, ०१ भाद्र***

रौतहटको चन्द्रपुर नगरपालिका -९ चेतनगर विर्ता बस्ने २४ वर्षीया रोमा कुमारी साहलाई ससुराली पक्षले हत्या गरी फालेको माइती पक्षको आरोप रहेको छ । जग्गा विवाद लगायत कारणले ससुराली पक्षले आफ्ना छोरी रोमालाई हत्या गरी फालेको उनका बुवा चुल्हाई साहले आरोप लगाएका छन् ।



देवाही गोनाही नगरपालिका वडा नम्बर २ घर भएका चुल्हाई साहले आईतबार आफ्नै गाउँमा पत्रकार सम्मेलन गरी घटना बारे जानकारी दिदै आरोप लगाएका छन् ।

उनको अनुसार रौतहट जिल्लाको चन्द्रपुर नगरपालिका -९ का जादोलाल साहको छोरा सरोज साहसंग लगभग तीन वर्ष अघि आफ्ना छोरी रोमा कुमारीको मागी विवाह गरेको बताएका छन् ।

छोरी रोमा कुमारीको उनका श्रीमान सरोज साह, जेठान मनोज साह, जेठानी रेखा साह, ससुरा लगायत घरका अन्य सदस्यहरू मिली हत्या गरी गाउँभन्दा पर रहेको एक नहरीमा फालेको अवस्थामा शव फेला परेको साहले पत्रकार सम्मेलनमा जानकारी दिएका छन् ।

मृतकका बुवा साहका अनुसार रोमाको श्रीमान सरोजको जेठो दाई मनोज साहले घडेरी किनी आफ्नो व्यक्तिगत नाउँमा बकसपत्र गराएका थिए । घरका सबै सदस्य सँगोलमा बस्दै आएकोमा आफूहरुसंग बेइमानी गर्ने नियतका साथ मनोज साहले गुपचुप ढंगले घडेरी किनेको कुरा रोमा कुमारीले पछि थाहा पाएकी थिइन् ।

त्यसपछि रोमाले मनोजले किनेको जग्गाबाट अँश आफुले पनि पाउनुपर्ने अडान लिन थालेपछि घरमा विवाद शुरु भएको थियो । उक्त विवादको बिचमा रोमा माथि घरका सदस्यहरूले बोक्सीको समेत आरोप लगाएको उनको बुबाले बताएका छन् ।

सोही विवादबाट उन्मुक्ति पाउन रोमाका श्रीमान सरोज, जेठान मनोज र जेठानी रेखा साह मिलेर आफ्ना छोरी रोमाको गत साउन १५ गते हत्या गरेर नहरिमा फालेको रोमाका बुवा चुल्हाई साहको आरोप छ ।

उनले भने, ' नहरीमा डुबेर मरेको भए पेट पानीले फुलेको हुनुपर्थ्यो तर पेटमा पानी नै नभएकोले घटना शंकास्पद लागेपछि आफूहरुले शव पोस्टमार्टम गर्न भन्यौ ।'

तर शव पोस्टमार्टम गरेपछि घटनाको पोल खुल्ने डरले रोमाका श्रीमान, जेठान, ससुरा लगायतले पोस्टमार्टम गर्न नमानेको उनको दुःखेसो रहेको छ । मृतक रोमा कुमारीको ९ महिनाका एक छोरा र डेढ वर्षकी एक छोरी गरी दुई सन्तान छन् । उनको विवाह भएको तीन वर्षमै ज्यान गएको हो ।

उनले अघि भने, त्यति मात्र नभई उनका ससुराली पक्षले पोस्टमार्टम नगरी घटना मिलापत्र गर्न दबाब दिन थाले, त्यसपछि झन् शंका लाग्यो, त्यसपछि हामी पोस्टमार्टम नगरी शव जलाउन नदिने आफूहरु अडान लिएका थियौ ।'

त्यसपछि प्रहरीले पोस्टमार्टम गर्न

बाँकी तेश्रो पृष्ठमा

समाजिक सञ्जालको दुरूपयोग नगरौं ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - विश्रामपुर गाउँपालिका, बारा

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम बिहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# वैदेशिक रोजगारीमा ठगी रोक

नेपालका हरेक क्षेत्रमा अनियमितता, भ्रष्टाचार, दलाली, घुसखोरी, बिचौलियाले राज गरिरहँदा सरकारी संयन्त्र प्रभावकारी बन्न सकेको छैन । यस्तै बेथितिका बीच वैदेशिक रोजगारीमा ठगी पनि अपवाद हुन सक्दैन । यस विषयमा म्यानपावर व्यवसायीबाट संस्थागतरुपमा ठगिएका हजारौं व्यक्तिहरुले दिएको उजुरीको चाङले वैदेशिक रोजगार विभाग भरिभराउ हुँदा सरकारले यसलाई नियन्त्रण गर्न अनुगमन संयन्त्र प्रभावकारी बनाउन सकेको छैन । वैदेशिक रोजगारीमा ठगी नियन्त्रण गर्न सरकारले विगतदेखि नै पहल थालेको जनाए पनि सफल हुन सकेको छैन । म्यानपावर कम्पनीबाट भएका ठगीका घटना वैदेशिक रोजगार विभागले हेर्दै आएको छ । वैदेशिक रोजगारी ठगीसम्बन्धी मुद्दा चलाउने अधिकार प्रहरीलाई छैन । विगत १७ वर्षदेखि विभागबाट खटिएका निजामती कर्मचारीहरुले नै यससम्बन्धी मुद्दा हेर्दै आएका छन् । वैदेशिक रोजगारीमा हुने व्यक्तिगत ठगी रोक्न सरकारले वैदेशिक रोजगार ऐन संशोधन गर्ने तयारी गरेको छ । वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन श्रम मन्त्रालयले विधेयकको संशोधन मस्यौदा तयार पारेको छ । ऐन संशोधनमार्फत व्यक्तिगत ठगीको अनुसन्धान प्रहरीमा र न्यायनिरुपण जिल्ला अदालतबाट गर्ने गरी कानुनमा सुधार गर्न लागिएको छ ।

वैदेशिक रोजगारीमा फैलिएको व्यक्तिगत ठगी न्यूनीकरण गर्न सरकारले कानुनमा व्यक्तिगत ठगीका उजुरी प्रहरीलाई जिम्मा दिने व्यवस्था गर्न लागेको हो । त्यस्ता मुद्दाको निरुपण गर्ने जिम्मेवारी जिल्ला अदालतलाई दिइँदै छ । वैदेशिक रोजगारीका क्रममा बर्सेनि एक अर्बदेखि डेढ अर्ब रूपैयाँ ठगी हुँदै आएको छ । विभागमा हजारौँको संख्यामा संस्थागत ठगीमा उजुरी परे पनि कारबाहीमा पर्नेको संख्या सयको संख्यामा हुने गर्दछ । सरकारले बेला-बेला आकस्मिक अनुगमन गर्ने गरे पनि वैदेशिक रोजगारीमा ठगी रोकिएको छैन । जसले गर्दा दिनहुँजसो युवा ठगिन बाध्य छन् । युरोप, अमेरिका, क्यानडा, जापान, कोरिया, इजरायल, मलेसियालगायतका मुलुकमा पठाइदिने नाममा युवा ठगिनुपर्ने नियति छ । यस्तै, ठगीमा परेका श्रम गन्तव्यहरुमा इस्टोनिया, पोर्चुगल, पोल्यान्ड, सर्बिया, क्रोएसिया, कम्बोडिया, माल्दिभ्स, न्युजिल्यान्ड, अल्बानिया, रुस, अजरबैजान, टर्की रहेका छन् । भिजिट भिसामा घरेलु कामदारको रुपमा महिलालाई दुबई हुँदै कुबेत र ओमान पुऱ्याएर मानव बेचबिखन हुने गरेका छन् । म्यानपावर कम्पनी तथा एजेन्टहरुले नेपालको अध्यागमन छल्दै भारतीय दूतावासमार्फत सेटिङ मिलाएर भिजिट भिसामा मानव तस्करी गर्ने गरेका खबर सार्वजनिक हुने गरेका छन् ।

विदेश लैजाने नाममा रकम लिएर फरार हुने, विदेशमा लगेर अलपत्र पार्ने प्रवृत्ति बढ्दो क्रममा रहे पनि त्यस्ता गिरोहले सधैँ उन्मुक्ति पाउँदै आएका छन् । उजुरीको संख्या संस्थागतरुपमा बढी देखिए पनि व्यक्तिगतरुपमा रकम ठगी गर्ने गिरोहहरु बढेका छन् । वैदेशिक रोजगारसम्बन्धी गैरकानुनी कार्य नियन्त्रण गर्न कार्र्यविधि बने पनि कार्यान्वयन नहुँदा युवा ठगिनुपर्ने नियति छ । विभागमा ठगीका उजुरी परे पनि छानबिन गरी पीडितलाई न्याय दिलाउने काम भने अत्यन्तै सुस्त गतिमा हुने गरेका कारण शृङ्खलाबद्धरुपमा वैदेशिक रोजगारमा रहेका नेपाली तथा जान चाहने युवालाई विभिन्न प्रलोभन देखाएर ठग्ने गिरोह सक्रिय भइरहेका छन् । वैदेशिक रोजगारीमा पठाउने भन्दै बढी रकम असुल्ने, रकम असुलेर फरार हुने, रकम असुल गरी विदेश नपठाउने, राहदानी नियन्त्रणमा लिएर राख्नेलगायतका अवैध काम गर्नेहरुलाई ऐन संशोधन गरेरै भए पनि यथाशीघ्र कारबाही गर्नुपर्छ । वैदेशिक रोजगारीमा जानेहरु पनि दलालको फन्दामा नपरी सीधै म्यानपावर कम्पनीमार्फत जाने देश र गर्ने कामको यकिन गरेर मात्र जानुपर्छ । जुनसुकै बहानामा ठगी गर्ने म्यानपावर तथा एजेन्टलाई कानुनी कारबाही गरी पीडितहरुलाई न्याय दिलाउनु आवश्यक देखिन्छ ।

# चुरेको चुरो र मधेश संकट



बाबुकृष्ण कार्की

मधेश प्रदेश सरकारले सुख्खाग्रस्त प्रदेशलाई असार २६ गते संकटग्रस्त क्षेत्र घोषणा गऱ्यो । १५ दिनपछि संघले त्यसलाई अनुमोदन गऱ्यो । प्रधानमन्त्रीको हवाई निरीक्षण भयो । ५०० डिपबोरिङको उद्धार राहत घोषणा भयो । गृहमन्त्रीको भर्चुअल मीटिङ र डिपबोरिङ कार्यान्वयनको आदेश गयो । संकटकाल घोषणा र लागुको यो चक्र चलिरहँदा चुरे उत्खनन् दोहन विनाश बिक्री झन् बढिरहेको थियो ।

दमकललाई पानी ट्याङ्कर बनाएर मधेशका गाउँ-गाउँमा पिउनेपानी वितरण भइरहेको थियो । पिउनेपानी वितरणमा घोटाला र रकम उठाउने भ्रष्टाचार छिरेपछि पानी वितरण कार्यको लागि सेनाको गुहार माग भयो । त्यहीवेला धर्तीपूजा, आकाशपूजा, इन्द्रपूजा गरेर जनता र किसानहरू वर्षातको पानी मागिरहेका थिए ।

उता जलवायु र मौसमविज्ञ कृत्रिम वर्षाको सिफारिश गरिरहेका थिए । एक जना वरिष्ठ नेता मधेशको पानी भारतले खिचेको हुनसक्ने भनेर जासुस खटाउन माग गरिरहेका थिए । नखाएको विष लाग्यो भनेर दातृराष्ट्र दातृ निकाय गुहार्ने परराष्ट्रमन्त्रीको भाषणले ताली पाइरहेको थियो । अर्काथरी विज्ञ रसुवागढी-केरुङ मितेरी पुल बगाउने गरी त्रिशूलीमा बाढी आयो भनेर चीनलाई दोष थोपरिरहेका थिए । ब्रेनड्रेन भएर सक्कली विज्ञ बाहिरिसकेको परिदृश्यमा नक्कली विज्ञको कस्तो बिगबिगी !

डिपबोरिङको लोभ लुम्बिनी, मध्य र सुदूरपश्चिम तराई हुँदै पूर्वी तराईसम्म फैलियो । सबैलाई संकटकाल घोषणा गर्ने जोस चल्यो । खडेरी र पानी अभावले पूरै तराई प्रताडित थियो । हिजो हाते पम्प बाँडेर चुनाव जित्ने नेताहरू डिपबोरिङप्रति आकर्षित हुने नै भए ।

हरेक संकटकाल नेपालमा सत्तालाई मालामाल भएको विगतको अनुभवले मधेश संकटकालको कारण र उपचार खोतल्न बाध्य पाऱ्यो ।

***संकटको कारण***

दलाल पूँजीवादको घोडालाई बिचौलियाहरूले कसरी तारेभीरको बाटो कुदाइरहेका छन् भन्ने ज्वलन्त उदाहरण हो कृत्रिम वर्षा (क्लाउड सिडिङ) को सिफारिश । समाधान होइन झन् गहिरो समस्या डिपबोरिङको हौवा पनि बिचौलियाप्रधान व्यापारिक मिसन हुन् । फरक-फरक समयमा लिइएको चुरे क्षेत्रको गुगल तस्वीर, जहाँ चुरे दोहनको अवस्था देख्न सकिन्छ ।

हिजो सशस्त्र द्वन्द्व पल्कियो चुरेमा । द्वन्द्वकालमा चुरे र सालको वन छानी-छानी सफाया भए गैंडा, बाघ र बाघको आहारा जस्तै ।

आज सत्ताभन्दा माथि छन् त्यही द्वन्द्वका बाइप्रोडक्ट भूमाफिया, जलमाफिया, जङ्गलमाफिया, क्रसरमाफिया, मानवतस्कर माफिया । चुरे अभिशाप र आँशु हो, खुद्रा सडक-साधनबाट होइन थोकमा रोप-वेबाट भारत निर्यात गरेर बजेट घाटा पुर्ताल गर्नुपर्छ र नेपाल समथर बनाउनुपर्छ भन्ने व्यापारी अनभिज्ञहरूको हावी छ अहिले नेपालमा ।

जलमाफिया, जङ्गलमाफिया र भूमाफियाको वनजङ्गल, संरक्षण क्षेत्र, निकुञ्ज, नदी कब्जा र निजीकरणको आत्मघाती एजेण्डालाई सरकारले समृद्धिको सर्वोत्तम रोडम्याप भनेर पत्याएको पछ्याएको देखिन्छ र, तिनै बिचौलियाहरू पोस्ने ऐन र विधेयकहरू बनिरहेका छन् । जुन मधेश मात्र होइन, पहाड, हिमाल र समग्र नेपाललाई मरुभूमीकरण गर्ने घातक छल्कारी अस्त्र हुन् ।

७० वर्ष पुरानो पुनर्वास योजनाले चुरेलाई विनाश होइन मलजल गरेको थियो । जलाधार क्षेत्र कोमल चुरेलाई नछोई नबिगारी चुरेको काखबाट कुदाएको पूर्व-पश्चिम राजमार्गले पनि चुरेलाई ठूलो नोक्सान गरेको थिएन । राजा महेन्द्र दश वर्ष बाँचेका भए १०० देखि २०० मिटर चौडा नहर बनाएर नहरको दुई किनारामा दुईवटा सडक निर्माण गर्ने सामरिक, रणनीतिक, आर्थिक एवं बहुउद्देश्यीय महत्वको नक्शा तयार भइसकेको थियो । पछि राजा वीरेन्द्रले कम लागतका समानान्तर लामा पोखरी निर्माण गरेर १०० यात्रु क्षमताको विद्युतीय ट्रलीबस यातायात सञ्चालन गर्ने योजना बनाएका थिए । नहर होस् वा समानान्तर पोखरीको मूल उद्देश्य चुरे र अन्नभण्डार तराईलाई जलपोषण र पुनर्भरण (रिचार्ज) गरिराख्नु रहेको थियो । सूचना चुहावट र राष्ट्रघातले त्यो गोप्य योजना तुहाइएको थियो; शान्ति क्षेत्र प्रस्ताव तुहाए जस्तै ।

२५ वर्षअघि पंक्तिकारको कर्मक्षेत्र बर्दिया राष्ट्रिय निकुञ्ज भ्रमण गरेर मुटुका बिरामी राजा वीरेन्द्रले भावुक भई सुनाएको यो स्वर्ग रचनाको सपना हिजो जस्तो लाग्छ । आज हामी धारे हात लगाएर पूर्व-पश्चिम राजमार्गलाई सरापिरहेका छौं र वन सकेर विपत् थोपर्ने मध्यपहाडी राजनीतिक लोकमार्गको महिमा गाइरहेका छौं । जुन वातावरण विनाश र विपत्को महङ्गो मूल्यमा बनाउनै

*हुन्थेन । आवश्यक पनि थिएन । देश भत्काएर बनाएको ज्यानमारा बाटोको के अर्थ ?*

***चुरे क्षेत्रमा भइरहेको प्राकृतिक स्रोतको दोहन***

अवैध शक्तिशाली क्रसरले ८० प्रतिशत चुरे भत्काए सुकाए जस्तै पहाड हुँदै हिमाल पुगेको डोजरले पहाडमा ४६ र हिमालमा ६७ प्रतिशत पानीका मुहान सुकाइसकेका छन् । अव्यवस्थित बसोबासका नाममा वनजंगल, संरक्षण क्षेत्र र निकुञ्ज नामसारी गरिदिने दुर्नियतले दुई वर्षदेखि सुनियोजित लगाइएको डढेलोले थोपरेको प्रदूषणले विश्व रेकर्ड राख्यो । डढेलोको तापक्रम वृद्धिले हिमाल कालो भयो ।

पानीको मुहान सुकेर आज मधेश मात्र होइन मूलकै सुख्खा मरुभूमि भएको छ । तर यी मानव सिर्जित वातावरणीय अक्षम्य अपराधलाई लुकाएर हामी जलवायु परिवर्तनलाई सुगारटाइ सत्तोसराप गरिरहेका छौं- राष्ट्रसंघमा ९५ प्रतिशत जनसंख्यालाई खानेपानीको सेवा पुगेको झुटो प्रतिवेदन बुझाए जस्तै । जबकि ८० प्रतिशत जनसंख्या पिउने शुद्ध पानीको पहुँच र वितरणबाट वञ्चित छौं ।

तसर्थ, भूकम्प बाहेक नेपालका ९५ प्रतिशत विपत् मानव सिर्जित हुन् । ८० प्रतिशत चुरे विनाशको कारण डोजर आतङ्क र क्रसर उद्योग हुन् र ९० प्रतिशत विनाश डोजर युगका दुष्परिणाम हुन् । मुलुक बिचौलिया र तस्करको एकछत्र साम्राज्य हुनुको दुष्परिणाम हो आजको मरुभूमि र संकटको तस्वीर ।

***एक हाते ताली***

नेपाललाई सिङ्गापुर बनाउने भाषणबाजी चलिरहँदा नेपाल सरकारले २०६६/६७ मा राष्ट्रपति चुरे संरक्षण कार्यक्रम शुरु गऱ्यो । मापदण्ड विना ढुङ्गा-गिट्टी-बालुवा निकाल्न निषेध गऱ्यो । दुर्भाग्य चुरे उत्खनन र दोहन झन् बढ्रुयो ।

चुरे, यसको जलाधार क्षेत्र र नदी प्रणालीलाई संवेदनशील एवं जोखिमपूर्ण भौगोलिक भूपरिधि किटान गर्दै २०७१ सालमा २० किमि चौडा ८०० किमि लम्बाइ भएको चुरे क्षेत्रलाई चुरे वातावरण संरक्षण क्षेत्र घोषणा गरियो । प्रकृति र चुरेप्रेमी पहिलो राष्ट्रपतिले सैनिक नेतृत्वसँग चुरे रक्षा गर्न सहयोग माग गरे । निकुञ्जमा सेवारत पंक्तिकारलाई चुरे समन्वय अधिकृत हुने सौभाग्य जुऱ्यो । सेनाले सोही प्रयोजनको लागि वन तथा पर्यावरण सुरक्षा निर्देशनालय स्थापना गरेर चुरे संरक्षण क्षेत्रलाई दुई वटा गण समर्पण गरिदियो । नेपाली सेनाले युद्धस्तरमा चुरे संरक्षण र पुनर्भरणको काम थाल्यो । २२ वटा तालतलैया, तटबन्धन, पुनर्निर्माण, पुनर्भरण गरेर स्थानीय समुदायलाई हस्तान्तरण गऱ्यो । ती दुई गणले मात्र नर्सरी र बिरुवा उत्पादनको काम गर्दै १६४६.४७ हेक्टर जमिनमा १८ लाख १ हजार ७४७ वृक्षरोपण गरेर संरक्षणको तारबार लगाइदिए । समग्र सेनाको वृक्षरोपण रेकर्ड १५ वर्षमा एक करोड नाघिसकेको छ । सेना अघिअघि वृक्षरोपण गर्ने पछिपछि बिचौलियाका डोजर र क्रसर उद्योगले चुरे दोहन गर्दै जाने विनाशकारी चक्र चलिरह्यो । चुरे संरक्षण क्षेत्र बनाउने पहिलो राष्ट्रपति, प्रधानमन्त्री सुशील कोइराला, वनमन्त्री महेश आचार्य र चुरे कार्यक्रमका अध्यक्ष रामेश्वर खनालको प्रतिबद्ध टिम भताभुङ्ग भयो । सर्वोच्चका आदेश अटेर गरेर क्रसर उद्योगहरूले चुरे भत्काइरहे, बेचिरहे ।

आफ्ना परमाधिपति दलीय स्वार्थबाट माथि उठेर चुरे संरक्षण क्षेत्र र समग्र प्रकृति संरक्षणको तटस्थ अभिभावक र संरक्षक हुन् भन्ने सेनाको अन्तर्निहित अराजनीतिक स्वार्थ थियो । प्रकृति र संस्कृतिको सर्वोच्च सर्वमान्य कमाण्डर भएर राष्ट्राध्यक्षले विश्व शान्ति र विश्व जलवायु बहसको नेतृत्व लिउन्रु भन्ने राष्ट्रिय सेनाको अभिप्राय अन्यथा थिएन । राष्ट्रिय सुरक्षाको प्राकृतिक किल्ला जलाधार क्षेत्र चुरे रक्षा भयो भने पिउनेपानी र खाद्य सम्प्रभुता तथा पर्यावरणीय सुरक्षा हासिल हुन्छ भन्ने सेनाको सिफारिश थियो ।

हेक्का रहोस्, जनसहभागितामूलक चुरे संरक्षण र व्यवस्थापनलाई सेना बाधक होइन साधन हो । आदिवासी, रैथाने, गरिब, शोषित पीडित समुदायलाई सबैभन्दा धेरै माया गर्ने र हात साथ काँध थाप्ने उद्धार राहत टेको र छानो हो सेना । भाग्यले पूर्व र वर्तमान सबै राष्ट्रपतिसँग पंक्तिकारले साक्षात्कार भएर प्रकृति संरक्षणको उहाँहरूको उत्कट चाहना जान्न-बुझ्न र सम्मान दर्शाउन पाएको थिएँ । अराजनीतिक पथ अङ्गीकार गरेर पर्यावरण संरक्षणको पवित्र अभियानमा होमिने राष्ट्रपतिहरूको संकल्प सुनेर म फुरुङ्ग भएको थिएँ । हेर्दाहेर्दै शीतलनिवास दल र दलालहरूको अखडा भयो । राष्ट्रपति चुरे कार्यक्रम तिनै दल र दलालहरूको भर्तीकेन्द्र भयो र निष्प्राण जस्तै थलियो । परिणाम चुरे र राष्ट्रिय ढुकुटी दुवै खेर गए । चुरे रक्षा होइन, भोज भयो जल, जङ्गल, जमिन जनमाफियाहरूलाई ।

आज कृषि भूमि, कृषि उपज, किसानको पौरखको सुनियोजित हत्या भएको छ । जलस्रोतको जलाम्य धनी देशले जलको समुचित र दिगो व्यवस्थापन, जल भण्डारण, पुनर्भरण र वितरण गर्न नसक्दा हामी हरसाल खर्बौं खर्बको विषाक्त विदेशी अन्न, सागसब्जी, फलफूल र मासु आयात गरेर परनिर्भर जीवन जिउन बाध्य छौं ।

***एकतर्फी सैनिक त्याग***

१५ वर्ष अगाडिको चुरे संरक्षण भिजन र नेपाली सेनाको सहकार्य, सहयोग पंक्तिकारलाई हिजो जस्तो लाग्छ । नेपाली सेनाले चुरेमा दर्जन पोखरी पुनर्निर्माण र लाखौं वृक्षरोपण गरेर स्थानीयलाई बुझाइसकेको थियो, लिखित पत्र होइन चुरेका अध्यक्षको इशारामा । स्वर्णिमकाल थियो अध्यक्ष रामेश्वर खनालको कार्यकाल । उहाँको अध्यक्षताले ५ वर्ष निरन्तरता पाएको भए २०० जलाशय मधेश जलपोषण र पुनर्भरणलाई बन्ने थिए । क्रसर माफियाहरूको सातो गएर भागारेभाग शुरु भइसकेको थियो ।

त्यो १५ वर्षमा सेनाले द्वन्द्वले खाली निकुञ्ज आरक्ष जीवजन्तुले भऱ्यो । 'गर नत्र मर ( डु अर डाइ)' मिसन लिएर बाघ झण्डै तेब्बर बनायो । बाँके, मकालु निकुञ्ज र ढोरपाटन आरक्षमा इशारामा शीघ्र प्रोटेक्सन युनिट खटाएर संरक्षण सुधार गऱ्यो । शून्य सिकार उपलब्धि पछि हिमाल दर्शन र हिमाल सफाइको कठिन र जोखिमपूर्ण कामको अगुवाइ गऱ्यो । महाभूकम्पमा भोक, निद, परिवार नभनी उद्धार राहत पुनर्निर्माण सहयोगमा जुट्यो । भूकम्प लगत्तैका ठूला बाढी र आँधीबेहरी पछि बस्ती निर्माण र हस्तान्तरण सहयोग, कोभिड महामारीमा उद्धार र शव व्यवस्थापन सहयोग विशेष योगदान थिए । विश्वले प्रशंसा गरे ।

***मधेशमा खडेरीले सुकेको धान खेत***

लडाकु समायोजन र स्थायी शान्तिको प्रत्याभूति विश्वलाई चमत्कार र शान्तिका असल अभ्यासका पाठ भए । विश्व शान्ति सैनिक खटाउने पहिलो ठूलो देशको विश्व रेकर्ड बनाएर विश्व शान्ति स्थापनामा पुऱ्याएको विशिष्ट योगदान, सैनिक कूटनीति मार्फत विदेश सम्बन्धलाई टेवा दिने प्रयास, विकास निर्माण सहयोग र सैनिक कल्याणकारी कोष मार्फत राष्ट्रिय शिक्षा, स्वास्थ्य, रोजगार, तालिममा पुऱ्याएको अतुलनीय योगदान मुलुक परिवर्तन, सुधार र समृद्धिका लागि कोसेढुङ्गा थिए ।

यदि १५ वर्षमा त्यही निस्वार्थ सैनिक साथ, सहयोग, योगदान र त्यागको गति-मति र अनुपातमा राजनीतिक, आर्थिक, शैक्षिक, सामाजिक, सांस्कृतिक, कूटनीतिक रूपान्तरण र सुशासनजन्य सुधार भएको भए नेताका भाषणको सिङ्गापुर जस्तै आज समृद्ध नेपाल 'कल्याणकारी रामराज्य' भइसक्ने थियो ।

आज अबोध चुरेले राष्ट्रिय गौरवको योजना र रामेश्वर खनाल जस्तो नेतृत्वको माग गरेको छ । विपद् रोकथाम, संकटमोचन, शीघ्र उद्धार संरक्षण, पुनर्भरण, पुनर्प्राप्ति, पुनर्स्थापनाका लागि सैनिक हस्तक्षेप गुहारिरहेको छ ।

हेक्का रहोस्, जनसहभागितामूलक चुरे संरक्षण र व्यवस्थापनलाई सेना बाधक होइन साधन हो । आदिवासी, रैथाने, गरिब, शोषित पीडित समुदायलाई सबैभन्दा धेरै माया गर्ने र हात साथ काँध थाप्ने उद्धार राहत टेको र छानो हो सेना । त्यो वर्गको समृद्धि सिफारिस र जोडदार माग गर्ने आवाज हो नेपाली सेना । के सरकार चुरेलाई राष्ट्रिय गौरवको आयोजना घोषणा गरेर नेपाली सेनालाई सुम्पिन तयार छ ?

***समाधानका उपाय***

पहिलो काम जलाधार क्षेत्र चुरेको अवैध उत्खनन दोहन र बेचबिखन बन्द गर्नुपर्छ । अवैध क्रसर उद्योगलाई निर्मम कारबाहीको दायरामा ल्याउनुपर्छ । चुरे-मधेश ढाकेर बग्ने नदीहरूको भोग अधिकार ५० वर्षलाई नेपाली सेनालाई दिनुपर्छ । ती मरुभूमि १० वर्षमा हरित उद्यान हुनेछन् । चुरे संरक्षण क्षेत्रको संरक्षण जिम्मेवारी नेपाली सेनालाई तोक्नुपर्छ । हौसला बढेर चुरेका भू-माफिया क्रसर तस्करहरूलाई स्थानीय जनता र आदिवासी आफैंले ठेगान लगाउने छन्

बाँकी तेश्रो पृष्ठमा

।।।समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - प्रसौनी गाउँपालिका, बारा

## अन्तराष्ट्रिय समाचार

# ट्रम्पलाई भेट्न जेलेन्स्कीसँगै युरोपेली नेताको जम्बो टोली अमेरिका जाँदै, होला सम्झौता ?

***काठमाडौँ–*** अमेरिकी समकक्षी डोनाल्ड ट्रम्पसँग भेटवार्ता गर्न युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँगै युरोपेली नेताहरूको जम्बो प्रतिनिधिमण्डल पनि अमेरिका जाने भएको छ । अमेरिकी राजधानी वाशिङ्टन डीसीमा सोमबार यो भेटवार्ता हुने तय भएको छ। रुसी समकक्षी भ्लादिमिर पुटिनसँग अलास्कामा शिखर वार्ता गरेपछि ट्रम्पले जेलेन्स्कीलाई अमेरिका डाकेका थिए । गत फेब्रुअरी महिनाको अन्त्यतिर अमेरिका पुगेका जेलेन्स्कीले ह्वाइट हाउसमा ट्रम्प र उपराष्ट्रपति जेडी भान्सबाट अपमान खेपेका थिए । यस्तै अवस्था नदोहोरियोस् भन्न युरोपेली नेताहरू पनि अमेरिका जान लागेको विश्लेषण गरिएको छ ।

युरोपेली नेताहरूले सुरुदेखि नै पुटिनसँग ट्रम्पको सम्पर्कप्रति असहजता व्यक्त गर्दै आएका छन् । जेलेन्स्कीसँगै बेलायतका प्रधानमन्त्री केइर स्टार्मर, फ्रान्सका राष्ट्रपति इमानुयल म्याक्रोँ, जर्मनीका चान्सलर फ्रेडरिक मर्ज र नेटोका महासचिव मार्क रुट पनि अमेरिका जाने भएका हुन् । युक्रेनको भविष्यबारे ट्रम्पसँग वृहत् छलफल गर्न र उनलाई युक्रेनको पक्षमा उभ्याउने माहोल सिर्जना गर्ने अभियानका साथ युरोपेली नेताहरू पनि वासिङ्टन पुग्ने भएका हुन् ।

ह्वाइट हाउस जान लागेकी युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयेनले जेलेन्स्कीलाई आइतबार ब्रसेल्समा हुने बैठकका लागि स्वागत गर्ने बताएकी छन् । इटालीका प्रधानमन्त्री जियोर्जिया मेलोनी र फिनल्याण्डका राष्ट्रपति अलेक्जेन्डर स्टब्स पनि वासिङ्टन जानेछन् ।

यसअघि शुक्रबार अलास्कामा सम्पन्न शिखर वार्तामा युक्रेनका प्रतिनिधिलाई भने डाकिएको थिएन । यद्यपि अलास्कामा पुटिनसँग वार्ता सकेर डीसी फर्किंदा उडानकै क्रममा ट्रम्पले जेलेन्स्की र युरोपेली नेताहरूसँग लामो टेलिफोन संवाद गरेका थिए । युक्रेन र युरोपेली साझेदारहरूले भने वार्ता र छलफललाई सैन्य कारवाही थप लम्ब्याउने रूसको रणनीति भएको भन्दै चिन्ता व्यक्त गरेका छन् ।

ट्रम्प-पुटिन शिखर वार्तामा युक्रेनमा युद्धविराम हुनेबारे सहमति जुट्ने अपेक्षा गरिएको थियो । तर, त्यसो हुन सकेन । त्यसपछि ट्रम्पले आफू युद्धविरामभन्दा पनि शान्ति सम्झौताको पक्षमा रहेको टिप्पणी गरेका छन् । ट्रम्पले अस्थायी युद्धविरामभन्दा आफू स्थायी शान्ति सम्झौताको पक्षमा रहेको उल्लेख गरेका छन् ।

बीबीसीका अनुसार शुक्रबार अलास्का शिखर वार्ता अघिसम्म ट्रम्पले सकेसम्म छिटो युद्धविराम चाहेको उल्लेख गरेका थिए । युक्रेनको मुख्य माग पनि दीर्घकालीन सम्झौता अगाडि छिटो युद्धविराम हुनु पर्ने रहेको छ । पुटिनसँगको वार्ता अगाडि युरोपेली नेताहरूसँग कुरा गर्दा समेत ट्रम्पले युद्धविराम सम्झौता गराउनु आफ्नो प्रमुख उद्देश्य रहने बताएका थिए । ट्रम्पले युद्धविरामलाई लत्याएर सीधै शान्ति सम्झौताको कुरा गर्नुलाइ रुस-युक्रेन युद्धमा अमेरिकाको एजेन्डामा महत्वपूर्ण परिवर्तन मानिएको बीबीसीले जनाएको छ । सामाजिक सञ्जालमा उनले यस्ता युद्धविरामहरू प्रायः 'बेकार' हुने टिप्पणी गरेका छन् । उनले भने, 'सबै पक्षले सहमति जनाएका छन् । यो भयानक युद्धको अन्त्यका लागि सबैभन्दा उपयुक्त उपाय प्रत्यक्ष शान्ति सम्झौतामा पुग्नु हो ।' तर, यसबारे जेलेन्स्कीले भने अनिश्चितता प्रकट गरेका छन् । उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'युद्धविरामका निम्ति धेरैले गरिरहेको आह्वानलाई रुसले लत्याइरहेको हामी देख्न सक्छौँ । मार्ने क्रम कहिले रोक्ने भनेर उसले निर्क्योल गरेको छैन । यसले स्थिति अझ जटिल बनाएको छ । यदि रूसले आक्रमण रोक्न साधारण आदेश पनि मान्दैन भने छिमेकीहरूसँग दीर्घकालीन शान्तिपूर्ण सहअस्तित्वका लागि सहमति गराउन ठूलो प्रयास आवश्यक पर्नेछ ।'

अलास्का शिखर वार्ताका क्रममा पुटिनले ट्रम्पसमक्ष केही प्रस्ताव राखेको अमेरिकी सञ्चार माध्यममा समाचार आएका छन् । समाचारमा जनाइएअनुसार रुसले पूर्वी युक्रेनको डोनबासअन्तर्गत डोनोट्स्क क्षेत्रबाट युक्रेनी फौज फिर्ता हुनुपर्ने प्रस्ताव अघि सारेको छ । रुसले यसको बदलामा जापोरिझिया र खेरसन क्षेत्रमा सैन्य मोर्चालाई स्थिर राख्ने प्रस्ताव राखेको छ ।

ट्रम्पले जेलेन्स्कीलाई रुसको यस प्रस्तावबारे जानकारी दिएको जनाइएको छ । ट्रम्पले यसअघि नै शान्ति सम्झौतामा 'केही भूभागको सट्टापट्टा' हुनसक्ने उल्लेख गरेका थिए । तर, केही दिनअघि जेलेन्स्कीले भने यस प्रस्ताव ठाडै अस्वीकार गरिदिएका थिए । भविष्यमा रुसले यही भूमि प्रयोग गरी थप आक्रमणहरु गर्नसक्ने युक्रेनी पक्षको चिन्ता छ ।

रुसले केही समयअघि पूर्वी युक्रेनका डोनेट्स्क, लुहान्स्क, जापोरिझिया र खेरसन क्षेत्रलाई औपचारिक रुपमा आफूमा गाभ्ने गरि कदम चालेको थियो । यद्यपि हाल रुसी फौजको नियन्त्रणमा लुहान्स्कको अधिकांश भूभाग, डोनेट्स्क, जापोरिझिया र खेरसन क्षेत्रका ७० प्रतिशतभन्दा धेरै भूभाग छन् ।

यसअघि सन् २०१४ मा रुसले कृष्ण सागरमा अवस्थित क्राइमिया क्षेत्रलाई गाभेको थियो । रोयटर्सका अनुसार क्राइमियासमेत समग्रमा हाल रुसको नियन्त्रणमा युक्रेनको कुल भूभागको १९ प्रतिशत अर्थात् १ लाख १४ हजार ५ सय वर्गकिलोमिटर क्षेत्र रहेको छ । सीबीएसका अनुसार युरोपेली साझेदारहरूले सोमबार हुने भेटवार्तामा ट्रम्पले जेलेन्स्कीलाई रुसको यस प्रस्ताव मान्न दबाब आशंका गरिरहेका छन् । अलास्कामा पुटिनसँग भेटवार्ता गरिसकेपछि ट्रम्पले फक्स न्यूजलाई अन्तरवर्ता दिएका थिए । उक्त अन्तरवार्तामा ट्रम्पलाई युक्रेनी नेतालाई कस्तो सल्लाह दिन चाहनुहुन्छ भनी सोधिएको थियो । जवाफमा ट्रम्पले भनेका थिए- 'सम्झौता गर्नुहोस् ।'

## चुरेको.....

दोस्रो, चुरेका खोंच-खोंच र काखमा मुहान, खोला र वर्षाको पानी संकलन गरेर जलपोषण र पुनर्भरणका लागि लहरै वारपार २०० जलाशय, चेकड्याम (बाँध) र तालतलैयाको माला बनाउनुपर्छ। हिउँदको समयमा निर्धारित नदी र बगरबाट वैध ढुङ्गा-गिट्टी बालुवा झिकेर आन्तरिक माग पूरा गर्न सकिन्छ। प्राकृतिक स्रोतको विदेश निर्यातलाई अविलम्ब र अनिवार्य बन्द गर्नुपर्छ । स्वदेशको विकास र पूर्वाधार निर्माणलाई पर्याप्त वैध स्रोतसाधन हामीसँग हुन्छ ।

तेस्रो, सुनकोशी-मरिन, सुनकोशी-कमला, भेरी बबई नदी पथान्तरण र सिक्टा नहर आयोजनालाई मेलम्ची मोडलमा कमाइखाने भाँडो नबनाई शीघ्र कार्य सम्पन्न गरी तराईका सुख्खा फाँटहरूमा बाह्रै महिना सिंचाइ पुऱ्याउने सपना साकार पार्नुपर्छ । खडेरीपछि पानी संकट बेहोरिरहेका मधेशका नागरिक ।

चौथो, डिपबोरिङका नयाँ-नयाँ गहिरा घाउहरू बन्द गरेर पुराना सिंचाइ सुविधाको मरम्मत सम्भार र संचालनलाई प्राथमिकता दिनु मितव्ययी र प्रकृति धर्तीलाई न्याय हुनेछ ।

पाँचौं, जल-जङ्गल-जमिन कब्जा र निजीकरणका आत्मघाती भूमि ऐन, जल विधेयक, ऊर्जा दशक भ्रम रद्ध गरेर व्यापारिक होइन, राष्ट्रिय सुरक्षा र पर्यावरणीय संरक्षणको साझा प्रकृतिमैत्री विकास मोडल तय गर्नुपर्छ वर्तमान र भावी सबै सत्ता र सरकारले ।

छैटौं, प्रकृति र धर्ती आफू ध्वस्त गर्ने र जलवायु परिवर्तनलाई दोष दिएर छिमेकीहरूलाई गाली गर्ने हाम्रो बचपन व्यवहार परिवर्तन हुन जरूरी छ । प्रकृति संरक्षणमा विश्व कीर्तिमान राख्ने, विश्वको सफासुग्घर रेकर्ड भएको गन्तव्य मुलुक बनाउने, हरित सुशासनको देशको छवि बनाउने हो भने विश्वका दाताहरूसँग भिख माग्नै पर्दैन । प्रकृतिप्रधान, कृषिप्रधान, पर्यटनप्रधान, संस्कृतिप्रधान पहिचान र सम्मानले विश्व आफैं नेपाल ओइरिनेछ । आत्मनिर्भरउन्मुख हरित अर्थतन्त्र हाम्रो भावी रोडम्याप हुनुपर्छ ।

चुरे समाप्त हुने भूमि ऐन खारेज होस् । शिरको तरबार जस्ता राष्ट्रिय विपद्का स्रोत जल विधेयक र जलविद्युत् आयोजनाको भ्रम र सपनाबाट छिटो निद्रा खुलोस् । वैकल्पिक नवीकरणीय ऊर्जाको विकल्प रोज्न ढिलो नहोस् ।

सातौं, पूर्व अध्यक्ष रामेश्वर खनाल जस्तो गतिशील जुझारु अध्यक्ष पाइँदैन र अराजनीतिक संरक्षण समर्पण गर्न सकिंदैन भने ढुकुटीको ढाड भाँच्ने, राष्ट्राध्यक्षलाई विवादमा तान्ने र वन मन्त्रालयलाई माइनस गर्ने ऐंजेरु जस्तो चुरे संरक्षण कार्यक्रम बन्द गर्नु वाञ्छनीय हुनेछ ।

निष्कर्ष

हामी नेपाली बिर्सन माहिर छौं। चटक्कै बिर्सने छौं यो वर्षको मधेश संकट र कालो हिमाललाई । जुन गम्भीर र रोकथाम नभए दुई होइन चारगुणाले बढ्ने निश्चित छ। सिङ्गो १७ प्रतिशत तराई सुख्खा मरुभूमि हुनेछ । चुरेको चरम भूक्षयले पहाड हिमालको जग भत्किनेछ । तसर्थ, चुरे अतिक्रमण र दोहन जस्तो मानव सिर्जित प्रकृतिको अमानवीय हत्या शीघ्र बन्द हुन जरूरी छ। सरकार भक्षक होइन, चुरे लगायत प्रकृति र धर्तीको इमानदार संरक्षक हुन जरूरी छ ।

चुरे-तराई मधेश दून भू-परिधिमा नेपाली सेना र सुरक्षा निकायहरूको बाक्लो तैनाथी छ। चुरे हत्याको साक्षी, सलामी-मलामी भएर बस्ने कि भक्षकलाई राष्ट्रिय सुरक्षा, खाद्य सुरक्षा, पिउने पानीको सुरक्षा, वातावरण सुरक्षाको पाठ पढाउने अथवा ओखती पिलाउने ? कि स्थानीयदेखि सिंहदरबारसम्मको तस्करी सेटिङको अंशियार आरोप खेप्ने ? धर्मसंकटमा छन् सुरक्षा निकायहरू ।

सिंहदरबारको सरकार जस्तो विपतमा रमाउने र कमाउने पनि होइनन् सुरक्षा निकायहरू । उद्धार योगदानमा आफ्नै ज्यान जान्छ । तसर्थ, सुरक्षा निकायहरूको नैतिक कर्तव्य र धर्म विपत्को प्रतीक्षा र उद्धारमा हाम फाल्नु भन्दा राष्ट्रिय विपत् रोकथामको मितव्ययी विकल्पको बुटी सरकारको घाँटीमा कसिदिनु हो । यो सुरक्षा हस्तक्षेप विना चुरे संरक्षण सम्भव छैन ।

नेपाल मरुभूमि हुँदा भारत झन् धेरै मरुभूमि हुने भएकोले चुरे संरक्षण भारतको पनि साझा एजेण्डा होस् । चुरेको माल आयात-निर्यातमा प्रतिबन्ध लाग्नासाथ चुरेको रक्षा हुन्छ । आन्तरिक माग पूरा गर्न हामीलाई युगयुगसम्म समस्या हुँदैन ।

चुरे समाप्त हुने भूमि ऐन खारेज होस् । शिरको तरबार जस्ता राष्ट्रिय विपद्का स्रोत जल विधेयक र जलविद्युत् आयोजनाको भ्रम र सपनाबाट छिटो निद्रा खुलोस् । वैकल्पिक नवीकरणीय ऊर्जाको विकल्प रोज्न ढिलो नहोस् ।

प्रकृति र धर्ती आफू पोल्ने, उधार्ने, खन्ने, बेच्ने र दोष जलवायु परिवर्तनलाई थोपर्दै सुनको थालीमा भिख माग्ने लज्जास्पद नाटक बन्द हुन जरूरी छ । सुशासन सुनिश्चित भएको भोलिपल्टदेखि जलवायु वित्त र अन्तर्राष्ट्रिय सहयोगको बाढी आउनेछ ।

हामीलाई सिङ्गापुर होइन, स्विट्जरल्याण्ड भन्दा राम्रो प्रकृतिको धनी प्राचीन नेपालको पुनर्स्थापना जरूरी छ ।

## जग्गाको............

तयार भए र पोस्टमार्टम गरिएको थियो ।

ससुराली पक्षले शव पोस्टमार्टम गर्न नमान्नु, पोस्टमार्टम गर्नुभन्दा अघि मिलापत्र गर्न दबाब दिनु, पेटमा कहीं कतै पानी नदेखिनु, शरीरको कुनै भागमा निलडाम नदेखिनु जस्ता कारणले आफ्ना छोरीको डुबेर मृत्यु नभई उनका ससुराली पक्षले मारेर नहरीमा फालेको माइती पक्षको बुझाइ रहेको छ ।

घटना शंकास्पद रहेकोले पोस्टमार्टम रिपोर्टको आधारमा छानबिन गरी घटनामा संलग्नलाई कार्वाही गर्नुको सट्टा प्रहरीले उनीहरुलाई उल्टै जोगाउन खोजेको मृतक रोमाका बुवा चुल्हाई साहले आरोप लगाएका हुन् ।

घटनामा संलग्न रहेका रोमाका श्रीमान सरोज, जेठान मनोज, जेठानी रेखा साह सहितका व्यक्ति माथि कर्तव्य ज्यान सम्बन्धी मुद्दा दर्ता गर्न इलाका प्रहरी कार्यालय गरुडामा जाहेरी दिइएपनि प्रहरीले अझै कुनै सुनुवाई नगरेको रोमाका बुवा चुल्हाई साहले दुखेसो गरेका छन् ।

रोमाका बुवा चुल्हाई साहले दोषीलाई कारवाही गर्न उनीहरूमाथि इलाका प्रहरी कार्यालय गरूडामा जाहेरी दिएको एक साता भन्दा बढी भएपनि प्रहरीले अझै जाहेरी दर्ता गर्न सकेको छैन । प्रहरीले जाहेरी दर्ता नगरेपछि रोमाका माइती पक्षका व्यक्तिहरू निकै पीडित र चिन्तित भएका छन् ।

छोरीको हत्यारालाई कार्वाही गराउनका लागि चुल्हाई साह प्रहरी कहाँ धाइरहेका छन् तर प्रहरीले उनको कुरा सुन्न मानेका छैनन ।

ससुराली पक्षले आफ्ना छोरीको हत्या गरेपनि न्यायका लागि प्रहरीमा गएपनि प्रहरीले समेत नसुनेपछि अब न्याय माग्न कहाँ जाने भन्दै चुल्हाई साह निकै चिन्तामा परेका छन् ।

प्रहरीले मुद्दा दर्ता गर्न आलटाल गरेपछि पत्रकारको सहारा लिन आफू पत्रकार सम्मेलन गरेको उनले बताए । छोरीको न्यायका लागि उनका बुवा साहले मिडियामा आएर पत्रकारलाई हारगुहार गर्न बाध्य छन् ।

इलाका प्रहरी कार्यालय गरुडाका डीएसपी राजन कार्कीले घटना बारे आफूहरुले वास्तविकता बुझिरहेकोले अहिले मुद्दा दर्ता नगरेको बताएका छन् । घटनाको वास्तविकता के हो भन्ने बारे अहिले बुझ्ने काम भइरहेको र यस बारे पूर्ण अनुसन्धान सकेपछि दोषी देखिएका व्यक्तिहरूमाथी मुद्दा चलाउने इलाका प्रहरी कार्यालय गरुडाका डीएसपी कार्कीले बताए । घटना बारे आफूहरुले बुझिनै रहेकाले यही बीचमा पीडितले प्रहरीले मुद्दा दर्ता गर्न नमानेको भन्ने लगाएको आरोप गलत रहेको डीएसपी कार्कीको भनाई छ ।

आफूहरुले पीडितलाई कुनै प्रकारको दुःख नदिने मानसिकताका साथ पीडितकै पक्षमा काम गरिरहेकाले पीडितले आतिनु नपर्ने उनी बताउँछन् । पीडितले कुनै हालतमा न्याय पाउने र दोषी उम्कन नपाउने डीएसपी कार्कीले बताए ।

पीडितलाई न्याय दिने र दोषीलाई कारवाही गर्ने सवालमा आफू कसैसँग कुनै किसिमको सम्झौता नगर्ने उनले प्रस्ट पारे ।

## सहिदको बलिदान अमूल्य सम्पत्ति : मुख्यमन्त्री सिंह



***जनकपुर, ०१ भाद्र***

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले तेस्रो मधेस आन्दोलनका प्रथम सहिद राजीव राउतको सम्झनामा श्रद्धाञ्जली अर्पण गरेका छन् ।

सहादत दिवसको अवसरमा सामाजिक सञ्जालमार्फत सन्देश जारी गर्दै मुख्यमन्त्री सिंहले सहिद राउतसहित सम्पूर्ण सहिदप्रति उच्च सम्मान प्रकट गरेका छन् । उनले सहिदहरूले देखाएको बाटो र आदर्श अवलम्बन गर्दै मधेसका अधिकार, समानता र न्यायका लागि निरन्तर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे ।

मुख्यमन्त्री सिंहले भने, "मधेस आन्दोलनका क्रममा सहिदहरूले दिएको बलिदान हाम्रो इतिहासको अमूल्य सम्पत्ति हो ।"

ती वर्षको भदौ १ गते सप्तरीको भारदहमा पूर्व-पश्चिम राजमार्गमा प्रहरीको गोली लागेर राजीव राउत घटनास्थलमै निधन भएका थिए ।


**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् । सम्पर्क नम्बर : ९८४५२२६३०५**

**कटहरिया नगरपालिका**
**कटहरिया, रौतहट**

**जनहितका लागि जारी गरिएको सन्देश**

- सार्वजनिक स्थलमा फोहोर नफालौं, गाउँलाई सफा राखौं,
- छोरा छोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन् । बालबालिकाको लालनपालन र शिक्षा दिक्षामा लगानी गरौं,
- जन्म, विवाह, बसाईंसराईं, मृत्यू आदि व्यक्तिगत घटनाहरु दर्ता गरौं,
- आफ्नो व्यक्तिगत आम्दानी, घर बहाल वा व्यवसायको कर समयमा तिरौं,
- बालश्रमको प्रयोग नगरौं । बालश्रम मुक्त नगर बनाऔं, सबै बालबालिकाहरुलाई विद्यालय पठाऔं,
- गाउँको विकासमा योगदान गरौं, नगरका हरेक गतिविधिमा चासो राखौं ।
- प्लाष्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं । यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्याम्पस जस्तो भयाबह रोग लाग्न सक्छ,
- गाउँलाई वातावरणमैत्री गाउँको रुपमा विकास गरौं, वातावरणमैत्री स्थानीय साशन अबलम्बन गरौं ।
- घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी २ भागमा छुट्याएर कुहिनेलाई कम्पोट मल बनाई प्रयोग गरौं वा फोहोर संकलन बहानमा मात्र फोहोर फाल्ने बानी बसालौं ।

प्रमुख प्रसाशकीय अधिकृत


**मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।**

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा**

# १६ स्थानीय मध्ये चालु आवको खाता सँचालन गर्नेमा पहिलो प्रसौनी र दोस्रो विश्रामपुर गाउँपालिका मात्र

*शु.आ. सम्बाददाता*
*कलैया , ०१ भाद्र*

नेपाल सरकारको मातहतमा रहेको सम्पुर्ण कार्यालयहरुको आर्थिक कारोबार गर्ने बैंक खाता बिगत आर्थिक वर्षको अन्तिम अर्थात् आषाढ २५ देखि राती १२ बजेदेखि बन्द भएको छ । आर्थिक वर्ष समाप्त भएपछि सम्पुर्ण हिसाब मिलान गरी नयाँ आर्थिक बर्षको पुन: खाता सँचालन गर्नुपर्ने हुन्छ ।रु बारा स्थित १६ पालिका मध्ये सम्पुर्ण हिसाब मिलान गरी प्रसौनी गाउँपालिकाले चालु आर्थिक बर्ष २०८२/०८३ को खाता सँचालन गरेको छ ।




यसरी प्रसौनी गाउँपालिका चालु आर्थिक वर्ष २०८२/०८३ को खाता संचालन गर्ने बारामा पहिलो पालिका बनेको छ। भने दोस्रो पालिकाको रुपमा बिश्रामपुर गाउँपालिका अगाडि बढेको छ ।

विश्रामपुर गाउँपालिकाले आफ्नो सम्पुर्ण हिसाब मिलान गरी आईतबार कोष तथा लेखा नियन्त्रक कार्यालय बारामा खाता सँचालन गर्न अनुमति माग गरेको छ । यसरी अनुमतिपत्र माग गर्नेमा बिश्रामपुर गाउँपालिका दोस्रो रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय बाराको प्रमुख राधेश्याम गिरीले यस दैनिकलाई जानकारी दिएका छन् ।

गिरीको अनुसार प्रसौनी गाउँपालिकाको खाता सँचालन भईसकेको छ ।भने विश्रामपुर गाउँपालिकाले अनुमति माग गरेकोले अनुमति प्रदान गरेसँगै त्याहाँ पनि खाता सँचालन हुने छ । जिल्लामा रहेको अन्य पालिकाहरुले आर्थिक बर्ष २०८१/०८२ को हिसाब नै मिलान गर्न नसकेकोले खाता सँचालन अनुमति माग गरेका छैनन् । हामीले हिसाब मिलान गरी आवश्यक कागजातहरु सहित आउनु खाता संचालन गर्नु भनेका छौ । तर हिसाब मिलान हुन नसकेकोले खाता सँचालन हुन सकेको छैन ।

# खडेरी, मल र श्रमिकको अभावले किसानलाई दोहोरो मार

*बिरगंज, ०१ भाद्र*

लामो समयदेखि परेको खडेरी, रासायनिक मलको अभाव र श्रमिकको अभावका कारण पर्सा र आसपासका क्षेत्रका किसानहरू धानबालीको गोडमेलमा गम्भीर समस्यामा परेका छन् । पानीको अभावमा खेतमा झारपात अत्यधिक मात्रामा उम्रिएपछि किसानहरूले भारी आर्थिक बोझ खेप्नुपरेको गुनासो गरेका छन् ।



जिराभवानी गाउँपालिका-२, सेढवाका किसान जगदिश चौधरीका अनुसार, समयमा कीटनाशक औषधि प्रयोग गरे तापनि झार नियन्त्रण हुन सकेन । "धानभन्दा झार नै बढी उम्रियो। दुई जनाले १५ दिनसम्म गोडमेल गर्न नसकेपछि अन्ततः ७० जना ज्यामी लगाएर काम सक्नुपर्‍यो," उनले भने । चौधरीका अनुसार, गोडमेलमै १४ हजार रुपैयाँ खर्च भएको छ भने अझै दुई कट्ठा जमिन झारमै छाडिएको छ । त्यस्तै, ठोरी गाउँपालिका-५, सुवर्णपुरका किसान प्रेम लामाले भने गोडमेलका लागि ज्यामी नै पाउन गाह्रो भएको बताए । "एक बिघा खेत गोडमेल गर्न ३५ हजार रुपैयाँसम्म खर्च भयो," उनले भने। हाल श्रमिकको अभावका कारण आधा दिनको ज्यालादर २५० र पूरै दिनको ५०० रुपैयाँ पुगेको छ। किसानहरूले सिचाइ, खनजोत, बीउ, औषधि र गोडमेलजस्ता काममा मात्रै एक बिघा खेतमा ७५ हजार रुपैयाँभन्दा बढी खर्च भएको उल्लेख गरेका छन्। तर, उत्पादन बिक्री गर्दा धानको मूल्य प्रति क्विन्टल १८०० रुपैयाँ मात्र पाउने भएकाले घाटा बेहोर्नुपर्ने अवस्था आएको उनीहरूको भनाइ छ।

जगरनाथपुर गाउँपालिकाकी श्रमिक अनिता देवीले गोडमेलको काम अत्यन्त शारीरिक कठिनाइपूर्ण भएको बताइन्। "धेरै झार उखेल्दा औंलासम्म काटिएका छन् । घाम र थकानले स्वास्थ्यमा असर परेको छ," उनले गुनासो गरिन् ।

सरकारले किसानलाई अनुदानमा मल, बीउ र सिंचाइ सुविधा दिने भने पनि स्थानीय तहमा कार्यान्वयन कमजोर भएकाले किसानहरू पीडित भएको भन्दै तत्काल राहत र दीर्घकालीन समाधानको माग गरेका छन् ।रु सँम्भार: रेस खबर

# जनकपुरमा पत्रकारमाथि भएको आक्रमणको विरोधमा आन्दोलन, दोषीमाथि कारबाहीको माग

*जनकपुर, ०१ भाद्र*

जनकपुरमा पत्रकारमाथि आक्रमण गर्ने कानुन व्यवसायीहरूलाई तत्काल पक्राउ गरी कारबाही गर्न माग गर्दै पत्रकारहरूले आन्दोलन थालेका छन् । नेपाल पत्रकार महासंघ धनुषा शाखाको अगुवाइमा पत्रकारहरूले आईतबार बिहानैदेखि जिल्ला प्रशासन कार्यालय धनुषा अगाडि धर्ना दिएका थिए ।



'आक्रमण गर्ने वकिलहरूलाई कारबाही गर', 'प्रेस स्वतन्त्रताको रक्षा गर', 'पत्रकारहरूलाई सुरक्षा देउ' लगायतका नारा लेखिएका प्लेकार्डसहित पत्रकारहरू धर्नामा बसेका थिए ।


यो घटना गत साउन २७ गते गुठी संस्थानबाट पत्रकार महासंघले कानुनी प्रक्रिया पुर्याएर भाडामा लिएको जग्गा संरक्षण गर्ने क्रममा भएको थियो । नेपाल बार एसोसिएसन जनकपुरका केही पदाधिकारी र अन्य कानुन व्यवसायीहरूले पत्रकारमाथि आक्रमण गर्दा महासंघका प्रदेश अध्यक्ष बञ्जारा, उपाध्यक्ष ज्योती झा, महासचिव शैलेन्द्र महतो 'क्रान्ति' सहित पत्रकार दिवाकर राय र अनिल निराला घाइते भएका थिए ।

यस घटनाका दोषी पाँच जना वकिलविरुद्ध साउन २८ गते नै जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दर्ता गरिए पनि प्रहरीले अहिलेसम्म कसैलाई पनि पक्राउ नगरेको भन्दै पत्रकारहरूले आक्रोश व्यक्त गरेका छन् । दोषीमाथि तत्काल कारबाही नभएसम्म आन्दोलन जारी रहने पत्रकारहरूले बताएका छन् ।

# सिम्रौनगढ नगरपालिकाले सुचना लुकाई भुमिहिन जनतालाई दुःख दिने वडा अध्यक्ष मेहताको आरोप

*शु.आ. सम्बाददाता*
*कलैया , ०१ भाद्र*

सिम्रौनगढ नगरपालिकाले आईतबार एक सुचना जारी गर्दै भाद्र ६ गतेसम्म भुमिहिनको लागत सँकलन गरी नगरपालिकामा पठाउन सम्पुर्ण वडा कार्यालयलाई अनुरोध गरेको छ ।




उक्त पत्रमा भूमि समस्या समाधान आयोग ताहाचल, काठमाण्डौ को पत्र संख्या २०८२/०८३ को च.नं. १३ मिति २०८२/०४/०५ गतेको पत्रानुसार जिल्ला बारा सिम्रौनगढ नगरपालिकाको सम्पूर्ण वाडा कार्यालयबाट भुमिहीनको लगत संकलनको विवरण नआएकोले मिति २०८२/०५/०६ गते भित्र भुमिहीन को लगत संकलन गरि विवरण उपलब्ध गराई दिनु हुन अनुरोध गरेको छ ।

उक्त पत्रलाई वडा नं ७ को वडा अध्यक्ष बिबेक मेहताले आफ्नो समाजिक सञ्जाल फेसबुकमा राख्दै सिम्रौनगढ नगरपालिकाको लापरवाही र बदमासी भएको बताएका छन् । वडा अध्यक्ष मेहताको अनुसार एक महिना सम्म सूचना लुकाई वडा कार्यालय लाई पाँच दिनको लागि सूचना दिएर भूमिहिन जनतालाई दःख दिनु कति को जायज हो भनि प्रश्न समेत गरेका छन् । साथै वडा कार्यालयलाई पत्र दिएको मितिले नै सबै कुरा प्रष्ट पारेको बताएका छन् ।

# सामान्य प्रशासनमन्त्री न्यौपानेको एक महिना : कर्मचारी सरूवा सम्बन्धी मापदण्डको अन्तिम मस्यौदा तयार

*काठमाडौं, ०१ भाद्र*

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भगवती न्यौपानेले कर्मचारी सरुवासम्बन्धी मापदण्डको अन्तिम मस्यौदा तयार भइसकेको जानकारी दिएकी छन् ।



आफूले मन्त्रालयको कार्यभार सम्हालेको एक महिनामा भएका कार्यसम्पादनका बारेमा जानकारी दिन आइतबार सिंहदरबारमा पत्रकार सम्मेलन गर्दै मन्त्री न्यौपानेले कर्मचारी सरुवासम्बन्धी मापदण्डका बारेमा धेरै चरणमा छलफल गरी अन्तिम मस्यौदा तयार पारिएको जानकारी दिइन् ।

उनले संघीय निजामती ऐन जारी भएपछि सरुवा मापदण्डमा ऐनसँगै सामञ्जस्य हुनेगरि आवश्यक सुधार सहित स्वीकृत गरी कार्यान्वयनमा ल्याइने बताइन् ।

कर्मचारी सरुवाका लागि मन्त्रालयमा धेरै भिड हुने गरेको भन्दै उनले अव मापदण्डका आधारमा कर्मचारीको सरुवा हुने स्पष्ट पारिन् ।

उनले संगठन तथा व्यवस्थापन राष्ट्रिय मापदण्ड तर्जुमाका लागि कार्यदल समेत गठन गरिएको उल्लेख गरिन् । त्यस्तै स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत खटाउने व्यवस्थालाई समेत सुधार गर्न खोजिएको उनले बताइन् ।

त्यस्तै मन्त्री न्यौपानेले राष्ट्रिय किताबखानाको प्रणाली सुदृढीकरण गर्दै नागरिक एपमा अन्तरआवद्धता गरिएको, संघीय मामिला प्रशिक्षण प्रतिष्ठानको स्थापनाका लागि आवश्यक कानुनको प्रारम्भिक मस्यौदा तयार गरिएको पनि जानकारी दिइन्।




**जनहितमा जारी सन्देश**

- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिबाट जोगिऔं ।
- सडेगलेका तथा बासी खाना नखाऔं ।
- घरवरिपरी तथा व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।

जगरनाथपुर गाउँपालिका
जगरनाथपुर, पर्सा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - सुवर्ण गाउँपालिका, बारा